# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) सुर्खेत, जेठ २१ गते, २०७८ साल (अतिरिक्ताङ्क ७

## भाग-२

### कर्णाली प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

कर्णाली प्रदेश सरकारले प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को नियम ७ ले दिएको अधिकार प्रयोग गरी सो नियमावलीको अनुसूची-१ र अनुसूची-२ मा देहाय बमोजिम हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

१. अनुसूची-१ को क्र.सं. २ मा रहेका "आन्तरिक मामिला, कानून, युवा तथा खेलकूद मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "आन्तरिक मामिला तथा कानून मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

२. अनुसूची-२ को,-

(१) प्रकरण नं. २ को,-

(क) शिर्षकमा रहेका "आन्तरिक मामिला, कानून, युवा तथा खेलकूद मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "आन्तरिक मामिला तथा कानून मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(ख) सि.नं. ४२, ४३ र ४४ झिकिएका छन्।

(ग) सि.नं. ४५ को सट्टा देहायको सि.नं. ४५ राखिएको छः-

| | |
|---|---|
| "४५ | प्रदेश सरकार अन्तर्गत रहेका सरकारी सवारी साधनको अभिलेख, नियन्त्रण, संरक्षण, व्यवस्थापन र समन्वय गर्ने," |

(२) प्रकरण नं. ८ को सि.नं. ५१ पछि देहायका सि.नं. ५२, ५३, ५४ र ५५ थपिएका छन्ः-

| | |
|---|---|
| "५२ | युवा सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन |



आन्तरिक मामिला तथा कानून मन्त्रालय

| | |
|---|---|
| ५३ | खेलकूद सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकूद तथा खेलकूद पूर्वाधारको विकास र प्रवर्द्धन |
| ५४ | खेलकूद प्रशासन र संघसंस्थाको समन्वय र नियमन |
| ५५ | राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता।" |

**आज्ञाले,**
शंकर बहादुर के.सी.
प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित

आन्तरिक मामिला तथा कानून मन्त्रालय